# पाठ २१

# यूहन्ना २१

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

येशू सात जना चेलाहरूकहाँ देखा पर्नुभएको
येशू र पत्रुस
येशू र चेलाहरू
समाप्ति

---

## येशू सात जना चेलाहरूकहाँ देखा पर्नुभएको

---

यूहन्ना २१:१-१४ पढ्नुहोस्।

चेलाहरू फर्केर आफ्नै ठाउँ गालीलमा गए। येशूले आफूबाट के गर्न चाहनुभएको छ भन्ने कुरा तिनीहरूले थाहा नपाएको जस्तो देखिन्छ। यसैले तिनीहरूमध्ये कति जना त माछा मार्ने आफ्नो पुरानै काममा फर्केर गए।



तिनीहरू पहिलो पल्ट माछा मार्न जाँदा, तिनीहरूले पूरै रात जाल हान्ने काम गरे तर केही पनि समात्न सकेनन्। येशू त्यहाँ आई "जाल डुङ्गाको दाहिनेपट्टि हान्नू" भनी तिनीहरूलाई अराउनुभयो। तिनीहरूले त्यसै गरे र धेरै माछाहरू समाते र माछाले भरिएको जाल तान्न पनि तिनीहरूलाई गाह्रो भयो। येशूले भन्नुभएको कुरालाई जब हामी गर्छौं, उहाँले हाम्रा असफलताहरूलाई सफलतामा परिणत गर्नुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**१** येशू चेलाहरूकहाँ देखा पर्नुभएपछि उनीहरूले के गरे?

**क.** तिनीहरू गालीलमा भएका आफ्ना घरहरूमा फर्के र माछा मार्न गए।

**ख.** पवित्र आत्माले भरिनका निम्ति तिनीहरूले प्रार्थना गरे।

**ग.** तिनीहरूले सुसमाचार प्रचार गर्न शुरू गरे।

## येशू र पत्रुस

यूहन्ना २१:१५-१६ पढ्नुहोस्।

पत्रुसले तीन पल्टसम्म येशूलाई चिन्दिनँ भनेका थिए; अब प्रभुले पनि उनलाई तीन पल्ट एउटै प्रश्न सोध्नुभयो। सबै जनाले येशूलाई त्यागे तापनि आफूले चाहिँ उहाँलाई कहिल्यै नत्याग्ने कुरा पत्रुसले गरेका थिए। तर परीक्षा आउँदा उनले चाहिँ सबैले भन्दा खराब प्रवृत्ति देखाएका थिए। यसरी येशूले उनलाई प्रश्न सोध्नुभयो, "के तिमी मलाई यिनीहरूभन्दा बढ़ी प्रेम गर्दछौ?" आफूले गरेको कार्यप्रति पत्रुस लज्जित र दुःखित भएका थिए।

येशूले पत्रुसलाई भन्नुभयो, "मेरा भेड़ाहरूलाई खुवाऊ।" पत्रुसले प्रभुलाई इन्कार गरेका भए तापनि उनलाई क्षमा दिइएको थियो भन्ने कुरा यसबाट हामी बुझ्छौं। येशूमा विश्वास गर्नेहरूको हेरचाहा गर्नुपर्ने गोठालो उनी हुनुपर्ने थियो। फेरि येशूले पत्रुसलाई भन्नुभयो, "मेरो पछि लाग।"

**तपाईंको अभ्यासको निम्ति**

२ येशूले पत्रुससँग के सोध्नुभयो?

**क.** "के तिमी मलाई यिनीहरूभन्दा बढ़ी प्रेम गर्दछौ?"
**ख.** "तिमीले मलाई किन तीन पल्ट इन्कार गऱ्यौ?"
**ग.** "भेड़ाहरूको कसरी हेरचाहा गर्नुपर्छ के तिमीलाई थाहा छ?"

## येशू र अरू चेलाहरू

यूहन्ना २१:२०-२४ पढ्नुहोस्।

यस सुसमाचारलाई लेख्ने यूहन्नाले आफ्नो नाम उल्लेख गर्न चाहेनन्। पत्रुसले यसो भनी प्रश्न गर्दा यी नै चेलाका बारेमा कुराकानी गरिरहेका थिएः "प्रभु यिनको चाहिँ के हुने?" यूहन्नाले के गर्नुपर्ने हो वा यूहन्नालाई के हुने हो भन्ने सम्बन्धमा पत्रुसले कुनै पनि सरोकार राख्नुपर्दैन भनी येशूले पत्रुसलाई भन्नुभयो। अरूहरूले के गर्छन् भन्ने बारेमा फिक्री नगरीकनै पत्रुस विश्वासयोग्य भई येशूको पछि लाग्नुपर्ने थियो।

परमेश्वरले एउटै काम गर्नका लागि सबै मानिसहरूलाई बोलाउनुहुन्न। अरूहरूले गरेका कामलाई हामीले देखेका आधारमा हामीले गर्नुपर्ने कामको हामी निर्णय गर्न सक्दैनौं। परमेश्वरले हामीलाई यही गरेको चाहनुहुन्छ भन्ने कुरा हामीलाई लाग्दैमा अरूहरूले पनि त्यही नै गर्नुपर्छ भनी हामी भन्न

सक्दैनौं। हाम्रा जीवनमा र अरू ख्रीष्टियानहरूका जीवनमा परमेश्वरको इच्छाको निम्ति हामी प्रार्थना गरौं।

**तपाईंको अभ्यासको निम्ति**

**३** पत्रुसले के कुरा जान्न चाहेका थिए?

**क.** उनी माछा मार्ने व्यक्ति भएर कसरी उनले भेड़ा चराउन सक्छन्।

**ख.** यूहन्नालाई के हुनेछ।

**४** तपाईंले परमेश्वरको इच्छा पूरा गर्न सकनका लागि परमेश्वरसँग बिन्ती गर्नुहोस्।

## समाप्ति

यूहन्ना २१ : २५ पढ्नुहोस्।

यूहन्नाले लेखेका सुसमाचारमा तपाईंले सिकिसक्नुभएको छ कि येशूचाहिँ वचन हुनुहुन्छ। उहाँद्वारा परमेश्वर तपाईंसँग बोल्नुहुन्छ। परमेश्वर कस्तो हुनुहुन्छ भन्ने कुरा परमेश्वरका पुत्र येशूले तपाईंलाई देखाउनुहुन्छ। तपाईंका पापहरू उठाइलैजानका लागि तपाईंका निम्ति मर्नुहुने परमेश्वरका थुमा उहाँ नै हुनुहुन्छ।

स्वर्गमा पुग्ने बाटो येशू नै हुनुहुन्छ। उहाँको पछि लाग्नुहोस् र तपाईं नाश हुनुहुनेछैन। उहाँ संसारका ज्योति हुनुहुन्छ र तपाईं अँध्यारोमा हिँड्डुल गर्नुपर्ने छैन। जीवनको रोटी येशू नै हुनुहुन्छ, जसले तपाईंको भोको प्राणलाई तृप्त

पार्नुहुन्छ। तपाईंलाई अज्ञान वा भूलबाट उद्धार गर्ने सत्यता उहाँ नै हुनुहुन्छ। तपाईंलाई चिन्नुहुने र तपाईंका आवश्यकताहरूलाई बुझ्नुहुने मानिसका पुत्र उहाँ नै हुनुहुन्छ। तपाईंको वास्ता गर्नुहुने असल गोठालो उहाँ नै हुनुहुन्छ। पुनरुत्थान र जीवन उहाँ नै हुनुहुन्छ, जसले अहिले अझै प्रशस्तताको जीवन दिनुहुन्छ, र आउने संसारमा मृत्युमाथि विजय र अनन्त जीवन दिनुहुन्छ।

येशू यी सबै र यसभन्दा पनि अझ धेरै हुनुहुन्छ। उहाँ तपाईंका मुक्तिदाता, प्रभु र राजा हुनुहुन्छ, जसले तपाईंलाई प्रेम गर्नुहुन्छ। तपाईंले उहाँलाई प्रेम गरेको र उहाँको आज्ञा पालन गरेको उहाँ चाहनुहुन्छ। तपाईं अहिले नै उहाँको पछि लागेको र उहाँको स्वर्गीक घरमा सदासर्वदा उहाँसँग रहेको उहाँ चाहनुहुन्छ। उहाँको पछि लाग्नैपर्छ भनी येशूले तपाईंलाई दबाब दिनुहुन्न। छनोट गर्ने काम उहाँले तपाईंको हातमा नै छोडिदिनुहुन्छ। विश्वासयोग्य भई तपाईंले उहाँलाई पछ्याउनुहुनेछ र उहाँले तपाईंलाई दिनुहुने अचम्मको जीवनमा तपाईं आनन्दित बन्नुहुनेछ भन्ने कुरामा हामी आशावादी छौं।

येशूको बारेमा अझै सिक्नका लागि हामी तपाईंलाई सहयोग गर्न चाहन्छौं र यसरी तपाईं उहाँलाई अझै पछ्याउन सक्नुहुन्छ। आई सी आई युनिभर्सिटीद्वारा प्रकाशित पुस्तकहरूले आत्मिक रूपमा वृद्धि हुनका लागि तपाईंलाई सहायता पुऱ्याउनेछन्। अर्को पुस्तक अध्ययन गर्नका लागि आज नै आई सी आई मा पत्र लेखी मगाउनुहोस्।

यदि तपाईंको क्षेत्रमा कुनै मण्डली अर्थात् चर्च छैन भने हामीसँग सम्पर्क राख्नुहोस् र हामी तपाईंलाई सक्दो सहयोग गर्न चाहन्छौं। प्रार्थना गर्नका लागि, परमेश्वरलाई आराधना गर्नका लागि तपाईं र उहाँको वचन अध्ययन गर्नका लागि एक ठाउँमा भेला हुन सक्नुहुन्छ।

तपाईंका आत्मिक समस्याहरूमा पास्टरले तपाईंलाई सहायता पुऱ्याउन सक्नेछन्। प्रत्येक दिन बाइबल पढन र प्रार्थना गर्न नभुल्नुहोस्, र परमेश्वरले तपाईंलाई आशिष् दिनुहुनेछ र आफ्नो प्रेममा राख्नुहुनेछ।

**तपाईंको अभ्यासको निम्ति**

**५** येशू को हुनुहुन्छ र उहाँले के गर्न सक्नुहुन्छ भन्ने कुरा अध्ययन गरिसकेपछि अब तपाईंले के गर्नुपर्छ?

**क.** येशूलाई प्रेम गर्नु– तपाईंको पूरै जीवनभरि उहाँलाई पछ्याउनु।

**ख.** तपाईंको आफ्नै बाटो लाग्नु– तपाईंले अध्ययन गरेका कुराहरूलाई बिर्सनु।

**६** अब तपाईं पाठ ११-२१-को निम्ति आफ्नो विद्यार्थी प्रतिवेदन भर्नलाई तयारी भइसक्नुभएको छ। यी पाठहरूलाई दोहोऱ्याउनुहोस् र तपाईंको विद्यार्थी प्रतिवेदन पुस्तिकामा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्! तपाईंको उत्तर-पृष्ठलाई आई सी आई निर्देशककहाँ फर्काई पठाउनुहुँदा अर्को अध्ययन-पुस्तिकाको बारेमा उहाँसँग सोध्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ क) तिनीहरू गालीलमा भएका आफ्ना घरमा फर्के र माछा मार्न गए।

३ ख) यूहन्नालाई के हुनेछ।

२ क) "के तिमी मलाई यिनीहरूभन्दा बढी प्रेम गर्दछौ?"

५ क) येशूलाई प्रेम गर्नु– तपाईंको पूरै जीवनभरि उहाँलाई पछ्याउनु।

## बधाई

तपाईंले यो पाठ्यपुस्तक सिध्याउनुभएको छ। तपाईंको निम्ति यो धेरै नै उपयोगी भयो होला भन्ने हामीले आशा लिएका छौं। तपाईंको उत्तर-पृष्ठलाई भरी आफ्ना निर्देशककहाँ फर्काइपठाउन नभुल्नुहोस्। उत्तर-पृष्ठ प्राप्त भइसकेपछि हामी तपाईंलाई प्रमाण- पत्र पनि पठाउनेछौं।